# मनहरी गाँउपालिकाको

# शिक्षक सरुवा तथा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०८०

## मनहरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रजैया, मकवानपुर ।

कार्यपालिका बैठकबाट पारित मिति: २०८०।०४।१६

प्रमाणित मिति: २०८०।०४।१६

# मनहरी गाँउपालिकाको

# शिक्षक सरुवा तथा प्रधानाध्यापक नियुक्ति सम्बन्धि कार्यविधि २०८०

**प्रस्तावना:**

गाँउ शिक्षा ऐन, २०७५ को दफा ४९(२) अधिनमा रही मनहरी गाँउपालिका क्षेत्र भित्र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको सरुवालाई व्यवस्थित गर्न यो कार्यविधि वनाई लागु गरिएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम प्रारम्भ र प्रयोग

क) यो कार्यविधिको नाम मनहरी गाँउपालिकाको शिक्षक सरुवा तथा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

ख) यो कार्यविधि मनहरी गाँउपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयका स्थायी दरबन्दी, अस्थायी दरबन्दी र राहत अनुदान कोटामा कार्यरत शिक्षकको सरुवा गर्न गर्ने प्रयोजनमा लागु हुनेछ।

ग) यो कार्यविधि कार्यपालिकाले अनुमोदन गरेको मिति देखि लागु हुनेछ ।

## परिच्छेद-२

## परिभाषा:

क) "ऐन" भन्नाले गाँउ शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

ख) "अध्यक्ष" भन्नाले गाँउ पालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) "गाँउ शिक्षा समिति" भन्नाले गाँउ शिक्षा ऐन, २०७५ को दफा १५ वमोजिमको समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-३

## सरुवाको आधार तथा कार्यविधि:

रन्जन कालाखेती
अध्यक्ष

गाँउ पालिका क्षेत्रभित्रका स्थायी दरबन्दी, अस्थायी दरबन्दी, राहत, अनुदान कोटामा कार्यरत शिक्षक सरुवा गर्दा देहायको आधार तथा कार्यविधि अवलम्बन गरी सरुवा गरिनेछ ।

**३.१ सरुवाको आधार:**

क) प्राथमिक तहमा शिक्षक सरुवा गर्दा तह मिल्ने गरी तथा निम्म माध्यमिक र माध्यमिक तहमा सरुवा गर्दा अध्यापन गर्ने विषय मिल्ने गरी सरुवा गर्नु पर्नेछ ।

ख) स्थायी दरबन्दीमा कार्यरत शिक्षकको सरुवा गर्दा सोही तह र विषयको स्थायी दरबन्दी भएको विद्यालयमा मात्र सरुवा गर्नु पर्नेछ ।

ग) अस्थायी दरबन्दीमा कार्यरत शिक्षकको सरुवा गर्दा तह र विषय मिल्ने गरी अस्थायी दरबन्दी रहेको स्थानमा मात्र सरुवा गर्नु पर्नेछ ।

घ) राहत अनुदान कोटामा कार्यरत शिक्षकको सरुवा गर्दा तह र विषय मिल्ने गरी राहत अनुदान कोटामा मात्र सरुवा गर्नु पर्नेछ ।

ङ) दरवन्दी मिलान गर्ने क्रममा कुनै विद्यालयमा आवश्यकता भन्दा बढी शिक्षक भएमा गाँउ शिक्षा समितिको बैठकले निर्णय गरे वमोजिम शिक्षक सरुवा गरी दरबन्दी मिलान गरिनेछ ।

च) कुनै शिक्षकको नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक बातावरण खलवलिएको वा खलवलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट तथा वडा कार्यालयबाट निर्णय सहित सिफारिस भई आएमा ।

छ) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पुरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा समितिको बैठकको निर्णय सहित सिफारिस भई आएमा गाँउ शिक्षा समितिको निर्णय अनुसार सरुवा गर्न सक्नेछ ।

ज) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञ सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा शिक्षक सरुवा गर्ने सकिनेछ ।

झ) स्थायी नियुक्ति भई परीक्षण कालमा रहेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विदयालयमा सरुवा गरिने छैन ।

**३.२ सरुवाको कार्यविधि:**

क) ऐनको दफा ३८ को उप दफा २ अनुसार एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन चाहने शिक्षकले सरुवा हुन पर्नाको कारण खुलाई गाँउ शिक्षा समिति अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

ख) गाउँ शिक्षा समित अध्यक्ष समक्ष प्राप्त भएको सरुवा निवेदन शिक्षा शाखामा आवश्यक कार्यार्थ पठाइनेछ ।

ग) ऐनको दफा ३८ को उप दफा २ अनुसार एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक सरुवा गर्दा सरुवा भई आउने र जाने विद्यालयको विद्यालय व्यवस्थापन समिति र सम्बन्धित वडा समितको सहमति सहित निवेदन प्राप्त हुन आएमा शिक्षा शाखा मार्फत गाँउ शिक्षा समितिको बैठकमा आवश्यक निर्णार्थ पेश गर्नुपर्नेछ ।

घ) सरुवा गर्ने/नगर्ने अन्तिम अधिकार गाउँ शिक्षा समितिमा निहित रहनेछ ।

ङ) ३८ को उप दफा ३ अनुसार गाँउ शिक्षा समितिकोले कुनै शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा निजको सहमति बिना पनि सरुवा गर्नु पर्ने भएमा गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गराउने गरी गाँउ शिक्षा समितिको बैठकको निर्णयानुसार सरुवा गर्नु पर्नेछ ।

## परिच्छेद-४

## प्रधानाध्यापक सम्बन्धी व्यवस्था:

१) विद्यालयको प्राज्ञिक तथा पशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ।

२) गाँउपालिकाले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिका लागि प्राथमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह

वा सो सरह, निम्न माध्यमिक तहको प्रध्यानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातक तह वा सो सरह र माध्यमिक तहको प्रध्यानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट आधारमा गाँउ शिक्षा समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्न सक्नेछ ।

तर विद्यालय व्यवस्थापन समिति र सम्बन्धित वडा समितिको निर्णय सहितको सिफारिस प्राप्त नभएता पनि कुनै शिक्षकलाई गाँउ शिक्षा समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्न बाधा पर्ने छैन । साथै कुनै विद्यालयको प्रधानाध्यापक हुनका लागि उप नियम २ वमोजिम योग्यता पुरा भएका स्थायी शिक्षक नभएमा वा भएका शिक्षकले दरखास्त दिन नआएमा अस्थायी/राहत शिक्षकलाई समेत गाँउ शिक्षा समितिले प्रधानाध्यापक पदमा नियुक्त गर्न सक्नेछ ।

३) गाँउ शिक्षा समितिले तोके वमोजिमका सर्त बन्देजको परिधि भित्र रही शैक्षिक गुणस्तर सुधार गर्नका लागि प्रधानाध्यापहरुलाई करार सम्झौता गरि काममा लागाउन सकिनेछ ।

४) प्रधानाध्यापकले आफुले गरेको करार सम्झौता वमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको भनि व्यवस्थापन समिति र सम्बन्धित वडा समिति बाट सिफारिस भई आएमा निजलाई जुन सुकै समयमा गाँउ शिक्षा समितिले पदबाट हटाउन सक्नेछ ।

५) उप नियम ४) मा जुन सुकै कुरा लेखिएको भए तापनि सो उप नियम वमोजिम प्रधानाध्यापक पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

६) सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकलाई संघीय सरकारले तोकेको प्रधानाध्यापक भत्ताको अतिरिक्त गाँउ कार्यपालिकाको बैठकले तोके वमोजिम थप प्रोत्साहन भत्ता दिन सक्नेछ ।

७) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपुर्ति नभए सम्मको लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये वरिष्टतम शिक्षकले

निमित्त भई कामकाज गर्नु पर्नेछ । आवश्कताको महसुस अनुसार अन्य शिक्षकलाई पनि निमित्त दिन सक्नेछ ।

## परिच्छेद-४

## संशोधन, बचाउ र खारेजी

यो कार्यविधि संशोधन वा खारेज गर्न आवश्यक देखेमा गाउँ कार्यपालिका बैठकले संशोधन वा खारेज गर्न सक्नेछ । यो कार्यविधिमा लेखिएका कुराहरु संघीय कानुन, प्रदेश कानूनसँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

रन्जन कोलाखेती
अध्यक्ष